# फाल्गुनन्द राजपत्र

## फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ सख्याः ७ मिति २०८०/०२/३१

भागः २
फाल्गुनन्द गाउँपलिका
कोशी प्रदेश, नेपाल

## कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

### कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावना फाल्गुनन्द गाउँपालिका स्थानीय तहमा कार्यरत कर्मचारी र कार्यालय व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी बनाउन तथा गाउँपालिकालाई उत्तरदायी, सहभागितामुलक बनाई गाउँपालिकालाई समृद्ध बनाउन स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " फाल्गुनन्द गाउँपालिकाका कर्मचारीको तहवृद्धि सम्बन्धी कार्यविधि "२०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले फाल्गुनन्द गाउँपालिकाका कर्मचारीको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले फाल्गुनन्द गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकामा समायोजन भएका र स्थानीय सेवा भित्रका पदमा यस गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

३. **सूचना प्रकाशन गर्नेः** (१) अध्यादेशको दफा (२८) बमोजिम तह वृद्धि गर्नको लागि अध्यादेशमा राखिएको प्रावधानहरु समावेश गरी कार्यालयले एक महिनाको म्याद राखि अनुसूची १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

४. **सिफारिस समितिको गठन, मूल्यांकन तथा सिफारिसः** (१) तह वृद्धिका लागि सिफारिस गर्न देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) कार्यपालिकाले तोकेको एक महिला सहित दुइ जना बरिष्ठ कर्मचारी - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले कार्यालयमा रितपूर्वक प्राप्त भई दर्ता भएका निवेदनको जाँचबुझ गरि उपदफा (७) समेतको विपरित नहुने गरि देहाय बमोजिमका कागजातका प्रतिलिपि सहित छैटौ र आठौं तहमा तह वृद्धिका लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले सिफारिस गरेपछि कार्यापालिकाको निर्णय अनुसार तह वृद्धि भएका कर्मचारीहरुलाई अनुसूची २ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिइनेछ ।

(४) यस दफा बमोजिम तह वृद्धिका लागि गठन भएको समितिका सदस्यले मूल्यांकनका लागि बैठक बस्दा प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछ ।

५. **आवश्यक न्युनतम योग्यता र सेवा अवधिः** (१) अध्यादेशको दफा (४) को उपदफा (५) बमोजम सहायक तेस्रो तह र चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदाका दिन सम्म पाँच वर्ष पुरा गरेका कर्मचारीलाई एक पटकका लागि क्रमश चौथों तह र पाँचौ तहमा स्वत तह वृद्धि गरिनेछ । यसरी तह वृद्धि हुने पद स्वत सृजना हुनेछ । त्यसरी स्वत सृजना भई तह वृद्धि भएको पदमा सो कर्मचारी कुनै कारणले बहाल नरहेमा सो पद स्वत खारेज हुनेछ ।

(२) अध्यादेशको दफा (२८) को उपदफा (१) बमोजिम यस कार्यालयमा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधी पुरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत नव्बे प्रतिशत अंक प्राप्त गरेका र देहाय बमोजिमका न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा समूह वा उपसमूह भित्र तह वृद्धि गरिनेछ ।

निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १. | पाँचौ | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३. | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(३) उपदफा (१) र (२) बमोजिम तह वृद्धि गरिएका कर्मचारीको विवरण कार्यालयले आफ्नो वेबसाइटमा अनिवार्य राखु पर्नेछ ।

६. <u>जेष्ठता कायम</u>: तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

७. <u>तह वृद्धि गर्न नहुने</u>: यस कार्यविधिका अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा दफा (४) को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गर्न पाइने छैन:-

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ख) निलम्वन भएकोमा निलम्वन भएको अवधिंभर,

(ग) तलववृद्धि वा बढुवा रोक्का भएकोमा तलववृद्धि वा बढुवा रोक्का भएको अवधिभर र

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर ।

८. <u>तह वृद्धि सम्वन्धी विशेष व्यवस्था:-</u> (१) अध्यादेशको दफा ८ को उपदफा (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्ती पत्र दिनेछ ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवा बाट स्थानिय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पुरा गरेका पाँचौ, सातौ र नवौ तहमा कार्यरत कर्मचारी लाई अध्यादेशको दफा २८ को प्रक्रिया पुरा गरी क्रमश छैटौ, आठौ र दशौ तहमा एक तह बृद्दि गरीनेछ।

(३) अध्यादेशको दफा ८को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौ,र नवौ तहका पदहरुमा दफा २९ को प्रक्रिया पुरा गरी अध्यादेशमा तोकिए वमोजिमको बढुवा समितिले बढुवा गर्नेछ।

निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतिस्पर्धात्मक परीक्षा द्वारा स्थानीय सेवाको छैटौ तहको पदमा सिफारिस भई नियुक्ती भईसकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवस्यक न्यूनतम शैक्षिक योग्यता पूगेको भएमा अख्तियारवालले सातौं तह कायम गरिदिने । यसरी सातौ तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन तथा दरवन्दी स्वीकृत गर्नुपर्नेछ।

(५) अध्यादेशको दफा (४) को उपदफा (५) बमोजिमको तह बृद्धिहुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी अनुसूची २ बमोजिमको नियुक्ती पत्र दिनेछ ।

९ <u>तह वृद्धि भएका कर्मचारीको सेवा सुविधाः</u> (१) दफा ३ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तह वृद्धि भएका कर्मचारीले कार्यालयले तह वृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलव भत्ता प्राप्त गर्नेछन्।

(२) अध्यादेश बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाई पाई आएको तलव भन्दा घटी नहुने गरी कार्यालयले तलव मिलान गर्नु पर्नेछ।

(३) तह वृद्धि भएका कर्मचारी निवृत हुँदा उपदान तथा निवृतिभरणको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

१० <u>जानकारी दिनु पर्नेः</u> (१) यस कार्यविधि बमोजिम सम्बन्धित कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा निजामति किताबखान, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोग र मन्त्रालयलाई दिनु पर्नेछ।

११ <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गरि त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

१२ <u>उजुरी/गुनासोः</u> तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोग उजुरी/गुनासो गर्न सक्ने छ ।

१३ <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अनुसूची-१

फाल्गुनन्द गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर,

कोशी प्रदेश

मितिः-

पत्र संख्या

चलानी नं.

तह बृद्धिका लागि निवेदन दर्ता गर्ने सम्बन्धि सुचना ।

स्थानिय सेवा (गठन तथा संचालन) अध्यादेश, २०८० को दफा १५४ अनुसार बनेको फाल्गुनन्द गाउपालिकाको कर्मचारीको तह बृद्धि सम्वन्धी कार्यविधि, २०८० मा भएको व्यवस्था बमोजिम तह बृद्धिका लागि आवश्यक योग्यता र सेवा अवधी पुगेका यस फाल्गुनन्द गाउँपालिकामा कार्यरत कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानिय तहमा समायोजन भएका कर्मचारी तथा स्थानीय सेवाका कर्मचारीहरुले तह बृद्धिका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ४ को उपदफा ५, दफा ८ को उपदफा १६ र दफा २८ को उपदफा १ बमोजिम तह बृद्धिको लागि आवश्यक योग्यता पुगेका इच्छुक कर्मचारीहरुले निवेदन साथ तपशिल बमोजिमका सम्पुर्ण कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले एक महिना भित्र यस गाउँपालिकामा निवेदन पेश गर्न गाउँकार्यपालिकाको मिति ................को निर्णय अनुसार यो सुचना प्रकाशन गरीएको छ ।

तपशिलः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

२. सुरु स्थायी नियुक्ती पत्रको प्रमाणीत प्रतिलिपी ।

३. अध्यादेशको दफा २८ (१) बमोजिम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

४. तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात।

५. पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङकन फाराम ।

निर्मल तुम्बाहाङफे

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अनुसूची-२

फाल्गुनन्द गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

फाक्तेप पाँचथर,

कोशी प्रदेश

पत्र संख्या मितिः-

चलानी नं.

विषयः- तह वृद्धि गरिएको सम्वन्धमा ।

महायश,

प्रस्तुत विषयमा तपाईलाई कोशी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० र यस गाउपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० अनुसार मिति ................................बाट लागु हुने गरी एक तह वृद्धि गरी देहाय बमोजिमको सेवा, समूह र पद कायम हुने गरी तह वृद्धि गरी पदस्थापन गरीएको छ ।

.........................तहमा तह वृद्धि हुनु भएकोमा हार्दिक वधाई ।

| कर्मचारीको हालको विवरण | तह वृद्धि भएको विवरण |
|---|---|
| सेवाः-<br>समुहः-<br>तहः-<br>पदः-<br>कार्यालयः- | सेवाः-<br>समुहः-<br>तहः-<br>पदः-<br>पदस्थापना भएको कार्यालयः- |

श्री ...............................

क.सं.न. .........................

...................

(प्रमुख प्रशासकीय अधिकृत)

वोधार्थः-

१. .............

२. .............

३. .............



निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत